Total No. of Printed Pages—8

**HS/XII/A/n/15**

**2015**

**NEPALI ( ELECTIVE )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.
(ii) Attempt Part—A Objective Questions serially.
(iii) Attempt all parts of a question together at one place.
(iv) General Candidates are not allowed to attempt the Questions meant for Elementary School Teacher Candidates.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिएका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेख : 1×10=10

(क) 'मसान' नाटकमा भोटु हो

*(i)* पोष्यपुत्र

*(ii)* विद्यार्थी

*(iii)* छिमेकी

*(iv)* नोकर

(ख) 'मसान' नाटक बाँडिएको छ

*(i)* आठ दृश्यमा

*(ii)* नौ दृश्यमा

*(iii)* दस दृश्यमा

*(iv)* एघार दृश्यमा

(ग) ''माया गर्नुको पनि त एउटा भाँति हुन्छ''—यस वाक्यकी वक्ता हो

*(i)* युवती

*(ii)* दुलही

*(iii)* वाग्मती

*(iv)* कृष्णकी बहिनी

(घ) ''मेरो अलच्छिने लुगा पनि दिनुहुन्छ? फाप्छ फाप्दैन''—यहाँ कसको लुगालाई अलच्छिने लुगा भनिएको छ?

*(i)* वाग्मतीको लुगालाई

*(ii)* युवतीको लुगालाई

*(iii)* दुलहीको लुगालाई

*(iv)* आमाको लुगालाई

(ङ) 'मसान' नाटकमा 'मसान'को अर्थ हो

*(i)* दुःख-पीडा

*(ii)* हाँसो-खुशी

*(iii)* प्रेम-मिलन

*(iv)* बिछोड-वेदना

(च) तलका उपन्यासमध्ये लीलबहादुर क्षत्रीको उपन्यास हो

*(i)* डाक बङ्ला

*(ii)* रूपमती

*(iii)* बसाइँ

*(iv)* लङ्गडाको साथी

(छ) दशैंको बेलामा स्वर मिलाएर गाइन्छ

*(i)* मालश्री

*(ii)* सिलोक

*(iii)* भजन

*(iv)* झ्याउरे

(ज) बैदार बूढाले प्रयोग गर्ने थेगो हो

*(i)* तपाईंको

*(ii)* हरिरामको

*(iii)* चाइनेजो

*(iv)* क्यानाम

(झ) धनेले भैंसी मारेको भन्दै जरिमानाका रूपमा तिर्नु लगाइयो

*(i)* ७५ रुपियाँ

*(ii)* ६५ रुपियाँ

*(iii)* ५५ रुपियाँ

*(iv)* ४५ रुपियाँ

(ञ) झुमालाई रिकुटेले धोका दिएपछि ऊ आत्महत्या गर्न गई

*(i)* रागे भीरमा

*(ii)* छाँगे भीरमा

*(iii)* घोप्टे भीरमा

*(iv)* चिप्ले भीरमा

**2.** कोष्ठभित्र दिएका सही शब्द छानेर रिक्त ठाउँ भर : 1×5=5

(क) गाउँ —— दियो बाल्ने —— भर्खर भएको थियो। (समय/घरमा)

(ख) धनेको —— सङ्कट पनि आजको कालो —— र चन्द्रमासितै तुलनायोग्य छ। (बादल/आर्थिक)

(ग) मेरो त्यो उहिलेको —— डोरेटोमा यो —— हिंडेको भए सबको घर मसान बनिसक्थ्यो। (दुनियाँ/बुद्धिको)

(घ) मेरा ससुराहरूको —— भिजेको यो —— अझ ओबाइसकेको छैन। (खेतबारी/पसीनाले)

(ङ) छोराछोरी पाएपछि स्वास्नीहरूले कुनामा —— जस्तै भएर —— पनि सक्नुपर्छ। (थुप्रिन/कसिङ्गर)

**3.** सत्य भनाइमा 'हो' र असत्य भनाइमा 'होइन' लेख : 1×5=5

(क) गोपालप्रसाद रिमालले 'यो प्रेम' नामको नाटक पनि लेखेका छन्।

(ख) झुमाले दशैं बजारमा गएर पाँच रुपियाँमा एउटा साधारण गुन्यू किनी।

(ग) ''यो मान्छेको जातलाई मासुको थुप्रो भए पुग्दो रहेछ'' भनेर दुलहीले आफ्नो लोग्ने कृष्णलाई भनेकी हो।

(घ) मोटे कार्की गाउँका सबैसँग मिल्नसक्ने किसिमको मान्छे थियो।

(ङ) नाटकको अन्त्यमा युवती (हेलेन)-ले कृष्णलाई आफ्नो जीवन बिगारिदिएको आरोप लगाउँदै घर छोडेर जान्छे।

## SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूको *चार/पाँच* वाक्यमा उत्तर लेख : 3×5=15

(क) धनेले बैदारकहाँबाट भैंसी किनेर केके गर्ने सपना देखेको थियो?

(ख) मोटे कार्की को थियो र उसले के काम गर्थ्यो?

(ग) नन्दे ढकालको छोरो कान्छो कस्तो स्वभावको मान्छे थियो?

(घ) युवती (हेलेन)-ले किन कृष्णको दोस्रो बिहे गरिदिने निर्णय गर्छे?

(ङ) ''लौ यो बाहिरको ओंठ त टम्म बन्द गरिदिन्छु भित्र यो छाती चिरिएर चिच्याउँदो ओंठ भएको कल्ले सुनेर बन्द गरिदिने?'' यो वाक्य कसले, कसलाई र किन भनेको हो?

(च) 'मसान' नाटककी वाग्मती को हो? उसले कृष्णको घरमा के काम गर्छे?

(छ) 'मसान' नाटकको कृष्ण र बसाइँ उपन्यासको धनेमा पाइने विशेषताहरू लेख।

**5.** (क) रस भनेको के हो? 3

(ख) शब्दालङ्कार भनेको के हो? एउटा उदाहरण देऊ। 3

(ग) अर्थालङ्कार भनेको के हो? उदाहरण देऊ। 3

(घ) वाच्य परिवर्तन गर : 3

*(i)* अल्छी नगरे पछि ठूलो हुन्छौ।

*(ii)* जहाँ पुगिन्छ उहीं बसिन्छ।

*(iii)* मेचमा जित्ने टीमले खूब करायो।

(ङ) कर्ता, कर्म र अपादान कारक लागेका तीन-तीनवटा वाक्य बनाऊ। 3

**( For Elementary School Teacher Candidates only in lieu of Question Nos. 3 and 4 )**

कुनै **दश** प्रश्नका उत्तर *तीन-चार* वाक्यमा लेख : 2×10=20

(क) 'बसाइँ' उपन्यासका लेखक को हुन्? ती कहाँका निवासी हुन्?

(ख) धने बस्नेत मनमा के सोंचेर ऋणमा भैंसी लियो?

(ग) झुमा कसकी बहिनी हो? उसलाई कसले धोखा दियो?

(घ) झुमाले किन आत्महत्या गर्ने निर्णय लिई?

(ङ) 'बसाइँ' उपन्यासमा धने बस्नेतका परिवारलाई किन बसाइँ सर्न कर लाग्यो?

(च) 'बसाइँ' उपन्यासका बैदार बुढ़ा को थिए?

(छ) 'मसान' नाटकको भोटु को थियो? कृष्णले उसलाई के मानेर घरमा राखेको थियो?

(ज) युवती (हेलेन)-ले आफूमाथि किन सौता हाली?

(झ) वाग्मती दुलहीलाई के भनी सम्झाउँथी?

(ञ) वाग्मती किन कृष्णकी नोकर्नी भएर बसेकी?

(ट) ''म त भासमा परिरहेछु। उम्कने आस पनि छैन।'' यो भनाइ कसको अनि कोसित भएको हो?

(ठ) 'मसान' नाटकमा सबैभन्दा दुष्ट मानिस को भएको बुझिन्छ?

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर (कुनै **एक**) : 10

(क) तपाइँलाई सजाएँ दिनसक्ने तागत हामीसित कहाँ छ र? त्यो तागत भए बहिनीले किन मर्नुपर्थ्यो, किन बेकसूरमा मेरो यस्तो गति हुन्थ्यो!

(ख) तिमीले उसलाई आफ्नो छोरो नसम्झे पनि उसले त संसारमा अरू सबैलाई जन्मदिने आमालाई समेत बिर्सेर तिमीलाई साख्खै आफ्नी आमा सम्झिसक्यो।

(ग) चार-चार कौडीको निम्ति जीवनको आखिरी श्वासको बाजी लगाउन चाहन्छ तर उसको आर्थिक जीवनमा परिवर्तन आएको छैन।

(घ) गोठालो भएर तैंले मानवलाई डोऱ्याउँछस्, तर तेरो डोऱ्याइमा साँचो आनन्द छैन, या भनौं सन्तोष र शान्तिको निम्ति तेरो प्रयोग हुँदैन।

**7.** 'मसान' नाटकमा दुलहीको कस्तो भूमिका छ? वर्णन गर। 8

**अथवा**

'''मसान' नाटक एउटा नारीसमस्या नाटक हो'' भन्ने विषयलाई उदाहरणसहित स्पष्ट पार।

**8.** 'बसाइँ' उपन्यासको प्रमुख पात्र धनेको चरित्र चित्रण गर। 8

**अथवा**

'बसाइँ' उपन्यासमा धनेको परिवारले बसाइँ सर्नुपरेको कारण के हो? बुझाएर लेख।

**9.** तलको कुनै **एउटा** विषयमाथि निबन्ध लेख : 10

(क) चरित्रबल

(ख) धनको महत्त्व

(ग) समयको सदुपयोग

(घ) स्वदेशप्रेम

(ङ) पर्यावरण

**10.** छात्रावासमा बस्ने तिम्रो मित्रलाई राम्ररी पढेर देशसेवा गर्नुपर्छ भन्ने विचार प्रकट गर्दै एउटा पत्र लेख। 5

**11.** राम्रो शीर्षक दिंदै तलको अनुच्छेदको सारांश लेख : 9

एकदिन गौतमबुद्ध आफ्नो सारथीसँग देश र मानिसहरू हेर्न निस्के। बाटामा तिनले तीन-चार महान दृश्यहरू देखे, जसले तिनको जीवनको गति नै बद्लिदियो। पहिलो दृश्य थियो—एक रोगी रोगले छट्पटाइरहेको। दोस्रो थियो—एक सेताम्मे वृद्ध मानिस कुप्रिएर हिंडिरहेको। तेस्रो दृश्य थियो—एक मृत मानिसलाई उसका आफन्तहरूले काँधमा हालेर लगिरहेका र चौथो थियो—एक सन्यासीको दृश्य। प्रत्येक दृश्यले गौतमको कौतूहल जाग्यो। तिनले आफ्नो सारथीलाई यी विषयमा सोधे जब उसले जवाब दियो जीवन यस्तै छ अनि हामी सबले एकदिन त्यही अवस्थामा पुग्नैपर्छ। सारथीका यी शब्दहरू गौतमको हृदयमा तीर झैं भासिए। तब तिनले यो अनित्य आनन्द, अस्थिर जीवन र केही क्षणका वस्तुहरूका अपूर्णताको अनुभव गर्नलागे। तिनले सत्य र नित्यताको खोजी गर्ने निश्चय गरे। अन्तमा गृह त्याग गरे।

★★★